मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ११७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ३० गते बुधबार ❑ 13 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखराका आयुर्वेद अस्पतालमा गैरकानुनी औषधि छ्याप्छ्याप्ती

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

पोखरामा सञ्चालित आयुर्वेद अस्पताल/क्लिनिकमा गैरकानुनी तथा गुणस्तरहीन औषधि निर्वाध रूपमा बिक्रीवितरण भइरहेको पाइएको छ।

जिल्ला प्रशासन कार्यालय कास्कीको नेतृत्वमा मंगलबार गरिएको अनुगमनका क्रममा पोखरा महानगरपालिका-१० बुद्धचोक क्षेत्रमा रहेका आयुर्वेद अस्पताल र क्लिनिकमा त्यस्ता औषधि छ्याप्छ्याप्ती भेटिएका हुन्। औषधि व्यवस्था विभागबाट स्वीकृत नलिएका र म्याद गुज्रेका औषधि बरामद गरी नष्ट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। "अधिकांश अस्पताल र क्लिनिकमा गैरकानुनी औषधि बिक्रीवितरण भइरहेको पाइएको छ", उहाँले भन्नुभयो, "आयुर्वेद उपचारका नाममा विकृति मौलाउँदै गएपछि अनुगमनमा कडाइ गरिएको हो, गलत गर्नेलाई कानुनअनुसार कारबाही हुन्छ।" अनुगमनका



क्रममा तोकिएको मापदण्ड पूरा नगरेका, दर्ता नवीकरण नभएका, दररेट नराखेका, चिकित्सक र स्वास्थ्यकर्मीलाई नियुक्तिपत्र नदिई काममा लगाएका अस्पताल तथा क्लिनिकलाई आवश्यक कागजपत्रसहित बुधबार जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन भनिएको सहायक प्रजिअ बरालले बताउनुभयो।

अनुगमन टोलीमा रहनुभएका गण्डकी आयुर्वेद अस्पतालका चिकित्सक विपिनबन्धु आचार्यले औषधि व्यवस्था विभागबाट अनुमति नलिई उत्पादन गरिएका कुनै पनि औषधि बेच्न नपाइने बताउनुभयो। "कानुनी मान्यता नपाएका र गुणस्तरहीन आयुर्वेद औषधि बजारमा भित्रने गरेको छ, औषधि किन्ने बेलामा अस्पताल स्वयं सचेत हुनुपर्छ", उहाँले भन्नुभयो, "औषधि व्यवस्था विभागमा दर्ता छ/छैन निश्चित गरेरमात्र औषधि खरिद गर्नुपर्छ।" क्लिनिक र फार्मेसीहरूमा आयुर्वेद विषयको ज्ञान नै नभएका व्यक्तिले औषधि बिक्री गर्ने गरेकोसमेत पाइएको चिकित्सक आचार्यले बताउनुभयो। पोखरामा हेल्दी होम्सका कविराज अस्मिना बञ्जराले अनुमति नलिई आयुर्वेद औषधि उत्पादन र बिक्रीवितरण गर्ने कम्पनीलाई राज्यले कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो। "कतिपय कम्पनीले औषधि व्यवस्था विभागमा दर्ता छ भनेर झुक्याउन सक्छन्, अबदेखि अस्पताल र क्लिनिकहरू यसमा सचेत हुनुपर्छ", उहाँले भन्नुभयो।

धेरैजसो आयुर्वेद अस्पताल र क्लिनिक पोखरा-१० बुद्धचोक, अमरसिंहचोकलगायत क्षेत्रमा सञ्चालित छन्। अस्पताल भनेर सञ्चालन गरे पनि कतिपयमा अस्पतालको न्यूनतम पूर्वाधार पनि नरहेको पाइएको अनुगमनमा सहभागी उपभोक्ता मञ्च कास्कीका सचिव कमल पौडेल 'अथक'ले बताउनुभयो।

अनुगमनलाई थप कडाइ गर्दै दोषी भेटिएका जोकोहीलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने उहाँको भनाइ छ। यस्तै मापदण्डविपरीत अनावश्यक रूपमा होर्डिङ बोर्ड राखेका क्लिनिकलाई त्यस्ता बोर्ड तत्काल हटाउन भनिएको जिल्ला प्रशाससन कार्यालयले जनाएको छ। बुद्धचोकको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीमा ८१.७५ प्रतिशत उत्तीर्ण, ६५ विद्यार्थीले ल्याए ४.० जिपिए

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)-२०८२ मा कास्कीबाट ८१.७५ प्रतिशत उर्त्तीण हुनु भएको छ। जिल्लामा कुल सहभागी विद्यार्थी मध्ये ८१.७५ प्रतिशत विद्यार्थी उत्तीर्ण हुन सफल भएको शिक्षा विकास तथा समन्वय इकाइ कास्कीले जनाएको छ।

१८.२५ प्रतिशत बिद्याथी भने नन् ग्रेडेड भएका छन्। कास्कीमा यस बर्ष ९ हजार ७ सय ५ जना र प्राविधिक धार तर्फ १ सय ८४ जना विद्यार्थी एसईई परीक्षामा सहभागि हुनु भएको शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले बताउनु भयो।

कास्कीमा ६५ जना विद्यार्थीले उच्चतम ४.० जिपिए ल्याएर सफल भएको उहाँले जनाउनु भयो। यस वर्ष पनि निजी विद्यालयहरूको नतिजा उत्कृष्ट देखिएको छ। पोखरा-७, मासवारस्थित मदरल्याण्ड माध्यमिक विद्यालयबाट मात्रै १२ जना विद्यार्थीले ४.० जिपिए ल्याउन सफल भएका छन्। जिल्लाभर उच्चतम जिपिए ल्याउनेमध्ये सबैभन्दा धेरै विद्यार्थी यही विद्यालयका रहेका छन्। मदरल्याण्ड माविबाट ४.० जिपिए ल्याउने विद्यार्थीहरूमा आयुषा अधिकारी, आयुषा पोखरेल, आयुष्मा थापा, अंकिता तिमिल्सिना, अनुष्ठान रेग्मी, दिप्सन कँडेल, दीक्षा सुवेदी, नम्रता ढकाल, साइमन अधिकारी, समीप सुवेदी, सार्थक अधिकारी र सूर्यांश केसी रहनु भएको छ। तीमध्ये ७ जना छात्रा र ५ जना छात्र रहेका छन्। विद्यालयले लगातार तेस्रो वर्ष पनि उत्कृष्ट नतिजा कायम राख्न सफल भएको छ। विद्यालयका प्राचार्य डा. नारायण प्रसाद बरालले विद्यार्थी, शिक्षक तथा अभिभावकलाई बधाई दिँदै यस सफलताले विद्यालयको शैक्षिक गुणस्तर अझ पुष्टि गरेको बताउनु भयो। उहाँले आगामी दिनमा पनि गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। कास्कीका ६ सरकारी विद्यालयका १० जना विद्यार्थीले समेत ४.० जिपिए हासिल गरेका छन्। बाँकी सबै निजी विद्यालयका विद्यार्थी रहेका शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख आचार्यले जनाउनु भयो।

उच्चतम जिपिए ल्याउनेमध्ये ६४ जना विद्यार्थी पोखरा महानगरपालिकाभित्रका रहेका छन् भने एक जना मात्रै माछापुच्छ्रे गाउँपालिकास्थित माछापुच्छ्रे माध्यमिक विद्यालय, भुर्जुङखोलाकी शोभा गौमतले ४.० जिपिए ल्याउन सफल हुनु भएको हो।

यस वर्ष गण्डकी बोर्डिङ स्कुल, लामाचौर र प्रतिभा माध्यमिक विद्यालय, पालिखेचोकबाट ५/५ जना विद्यार्थीले ४.० जिपिए हासिल गरेका छन्। त्यसैगरी छोरेपाटन माध्यमिक विद्यालयबाट ३ जना, शान्ति निकेतन मावि पर्स्याङ र ग्लोबल कलेज रामघाटबाट ३/३ जना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन्।

शिशु कल्याण बोर्डिङ स्कुल, वाराही मावि मालेपाटन, एसओएस हर्मन माइनर स्कुल, त्रिभुवन शान्ति मावि, जनप्रकाश मावि, शिशु निकेतन मावि, बेथानी बोर्डिङ, ज्योतिकुञ्ज, कुमुदिनी मावि, स्टेप बाइ स्टेप, पोखरा पब्लिक तथा सिर्जना बोर्डिङ स्कुलका विद्यार्थीहरूले पनि ४.० जिपिए ल्याएर विद्यालयको गौरव बढाएका छन्। गत वर्ष कास्कीबाट ६८ जना विद्यार्थीले ४.० जिपिए ल्याएका थिए। प्रारम्भिक नतिजामा ६५ जना देखिए पनि पुनः टोटलिङपछि थप ३ जना विद्यार्थीको जिपिए ४.० पुगेको थियो। यस वर्ष भने प्रारम्भिक नतिजामै ६५ जना विद्यार्थीले उच्चतम जिपिए हासिल गरेका हुन्।

## 'प्रि-बजेट' माथि छलफल गर्दै गण्डकीको अर्थमन्त्रालय

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका सिद्धान्त र प्राथमिकता (प्रि-बजेट)बारे छलफल सुरु गरेको छ। प्रदेश सरकारले असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

बजेट ल्याउनुअघि बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता प्रदेशसभामा पेस हुने आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले बताउनुभयो। "प्रि-बजेट छलफल भइरहेको छ। जिल्ला तहमा पुगेर स्थानीय तहका जनप्रतिनिधिसँग बजेटमा सुझाव तथा परामर्श लिने काम भइरहेको छ", उहाँले भन्नुभयो, "बजेट निर्माणका लागि मन्त्रालयले आन्तरिक तयारी अगाडि बढाएको छ।" गण्डकी प्रदेशको समृद्धिका लागि दीर्घकालीन महत्वका ठूला परियोजना अगाडि बढाइने मन्त्री शेरचनले बताउँदै कार्यान्वयनयोग्य र परिणामुखी बजेट निर्माण गरिने प्रतिबद्धता जनाउनुभयो।

मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका प्रमुख डिल्लीराम रिज्यालले कास्कीबाहेक प्रदेशका सबै जिल्लामा 'प्रि-बजेट' छलफल गरिएको जानकारी दिनुभयो। "स्थानीय तह, निजी क्षेत्रलगायत अन्य सरोकार भएका पक्षसँग पनि बजेट निर्माणबारे छलफल भइरहेको छ", उहाँले भन्नुभयो, "विषयगत मन्त्रालयसँग पनि समन्वय र छलफल जारी छ।"

सङ्घ सरकारको अनुदान कटौती र राजस्व कम उठेका कारण गत वर्षको तुलनामा यस वर्ष बजेटको आकार केही घट्नसक्ने महाशाखा प्रमुख रिज्यालले बताउनुभयो। गत वर्ष प्रदेश सरकारले रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट सार्वजनिक गरेको थियो। प्रदेशको आन्तरिक स्रोत बढ्न नसक्दा बर्सेनि बजेट निर्माणमा प्रदेश सरकारलाई दबाब पर्ने गरेको छ। राजस्व सङ्कलन अपेक्षाकृत रूपमा हुन नसकेको मन्त्रालयले जनाएको छ। सङ्घ सरकारले ल्याउने बजेटका आधारमा प्रदेशको बजेट केही थपघट हुनसक्ने महाशाखा प्रमुख रिज्यालको भनाइ छ। प्रदेशको दास्रो पञ्चवर्षीय योजनालाई आधार बनाएर बजेटका प्राथमिकता निर्धारण गरिने उहाँले बताउनुभयो। कार्यान्वयनयोग्य र प्रदेशको यथार्थअनुसारको बजेट ल्याउने तयारी मन्त्रालयको छ।




सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय आर्चरीमा नेपाल पुलिस क्लब च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

देशको पर्यटकीय राजधानी पोखरामा १३औँ संस्करणको राष्ट्रिय आर्चरी च्याम्पियनसीप सम्पन्न भएको छ। नेपाल आर्चरी सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित आर्चरी मैदानमा यही वैशाख २६ गतेदेखि सुरु भएको प्रतियोगिताको सोमबार सम्पन्न खेलमा विभागीय टोली नेपाल पुलिस क्लब च्याम्पियन बनेको हो।

पुलिसले समग्रमा पाँच स्वर्ण, चार रजत र तीन कास्यपदक जित्दै च्याम्पिन बनेको हो । यसैगरी, अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लब चार स्वर्ण, एक रजत र दुई कास्यपदकसहित द्वितीय हुन सफल भयो। एपिएफ क्लब दुई स्वर्ण, एक रजत र तीन कास्यपदक जित्दै तेस्रो स्थानमा सीमित भयो । आयोजक नेपाल आर्चरी सङ्घका सचिव योगेन्द्र शेरचनका अनुसार घरेलु टोली गण्डकी प्रदेश भने एक स्वर्ण, छ रजत र पाँच कास्यपदकसहित चौथो स्थानमा छ।

प्रतियोगिताको 'रिकर्भ' पुरुष व्यक्तिगततर्फ नेपाल पुलिस क्लबका तिलक पुनले स्वर्ण पदक जितेका छन् । गण्डकी प्रदेशका आशिम शेरचनले रजत तथा खड्गबहादुर घर्तीमगरले कास्य पदक हात पारे । 'रिकर्भ' महिला व्यक्तिगततर्फ नेपाल आर्मीकी ज्ञानु आवालेले स्वर्ण पदक जितिन् । नेपाल पुलिसकी देविकला राईले रजत तथा एपिएफकी सोनु जया राईले कास्यपदक जितिन्। 'रिकर्भ पुरुष टिम इभेन्ट'मा नेपाल पुलिस क्लब प्रथम, गण्डकी प्रदेश दोस्रो तथा एपिएफ क्लब तेस्रो भयो भने रिकर्भ महिला टिम इभेन्टमा नेपाल आर्मी क्लब प्रथम, एपिएफ क्लब दोस्रो तथा गण्डकी प्रदेश तेस्रो स्थानमा रह्यो। 'कम्पाउण्ड' पुरुष व्यक्तिगततर्फ नेपाल पुलिस क्लबका अनिसुध श्रेष्ठले स्वर्णपदक जिते । गण्डकीका सुमन गुरुङले रजत तथा आर्मीका पवन राईले कास्यपदक जिते भने महिलातर्फ एपिएफ क्लबकी निर्मला काम्बाङले स्वर्णपदक जितिन् । मोनिका रानाले रजत तथा एपिएफकी प्रसादा आचार्यले कास्यपदक जितिन्।

यसैगरी 'कम्पाउण्ड' पुरुष टिम इभेन्टमा एपिएफ क्लब प्रथम भयो भने नेपाल पुलिस क्लब दोस्रो र गण्डकी प्रदेश तेस्रो स्थानमा रह्यो। 'स्ट्यान्डर्ड' पुरुष व्यक्तिगततर्फ गण्डकी प्रदेशका रामबहादुर घर्तीमगरले स्वर्णपदक जिते। नेपाल पुलिसका निक्षेश देशारले रजत तथा कृष्ण भण्डारीले कास्यपदक जितेका छन् । 'स्ट्यान्डर्ड' महिलातर्फ नेपाल आर्मी क्लबकी सारदा विकले स्वर्णपदक जितिन्। गण्डकीकी स्नेहा केसीले रजत तथा नेपाल पुलिसकी बबिता श्रेष्ठले कास्यपदक जितिन्।

'स्ट्यान्डर्ड पुरुष टिम इभेन्ट'तर्फ नेपाल पुलिस क्लब प्रथम, गण्डकी प्रदेश दोस्रो तथा नेपाल आर्मी क्लब तेस्रो भयो । स्ट्यान्डर्ड मिक्स टिम इभेन्टमा नेपाल पुलिस क्लब प्रथम, नेपाल आर्मी क्लब दोस्रो तथा गण्डकी प्रदेश तेस्रो स्थानमा रह्यो । प्रतियोगितामा विभागीय टोली तथा विभिन्न प्रदेशका गरी ५६ जना खेलाडीको सहभागिता थियो।

# बेसलाइन एकेडेमीकी छात्रा कृतिकाले ल्याइन ४ जिपिए

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख



पोखरा-१३ कुँडहरस्थित बेसलाइन एकेडेमीकी छात्रा कृतिका लामिछाने क्षेत्रीले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा ४.० जिपिए हासिल गर्दै विद्यालयकै गौरव थपेकी छन्। राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको नतिजाअनुसार उनले उच्चतम् सफलता प्राप्त गरेकी हुन्।

यस वर्ष विद्यालयबाट एसइई परीक्षामा ३२ जना विद्यार्थी सहभागी भएका थिए। नतिजाअनुसार ६ जना विद्यार्थीले ३.६ देखि ४.० सम्मको जिपिए ल्याएर ए प्लस प्राप्त गरेका छन् भने १५ जना विद्यार्थीले ३.२ देखि ३.५९ सम्मको जिपिएसहित ए ग्रेड हासिल गरेका छन्। बाँकी विद्यार्थीहरूले पनि उत्कृष्ट नतिजा ल्याएको विद्यालय प्रशासनले जनाएको छ । विद्यालयका अनुसार विद्यार्थीहरूको निरन्तर मेहनत, शिक्षकहरूको समर्पित शिक्षण र अभिभावकहरूको सहयोगले यस्तो सफलता सम्भव भएको हो । विद्यालयले सफल सबै विद्यार्थीलाई बधाई दिँदै आगामी शैक्षिक यात्राका लागि शुभकामना व्यक्त गरेको छ।

विद्यालयका संस्थापक प्रिन्सिपल षडानन्द गौतम ले उत्कृष्ट नतिजाका लागि विद्यार्थी, शिक्षक, अभिभावक तथा शुभचिन्तकहरूलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा अझ गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यसैगरी नियमित अध्ययन, समयको सही उपयोग, आत्मविश्वास र निरन्तर प्रयासले विद्यार्थीले उत्कृष्ट नतिजा हासिल गर्न सक्ने विद्यालयकी निर्देशक शोभालक्ष्मी पौडेलले बताईन।

# आगामी आवको बजेटमा यस्ता छन्, अर्थमन्त्रीका प्राथमिकता

रासस
काठमाडौं, २९ बैशाख

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले निर्वाचनको समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले व्यक्त गरेका वाचापत्र, शासकीय सुधार र सरकारको नीति तथा कार्यक्रममा केन्द्रित रहेर आगामी आर्थिक वर्षको बजेट तय हुने बताउनुभएको छ।

सङ्घीय संसद् प्रतिनिधिसभाको अर्थसमितिको आजको बैठकमा उहाँले आगामी आवको बजेट कार्यान्वयनका लागि स्रोत व्यवस्थापन सबैभन्दा ठूलो चुनौती भए पनि सरकारले आवश्यक प्रबन्ध गर्ने विश्वास दिलाउनुभयो । उहाँले राजस्व चुहावट नियन्त्रणका लागि निर्मम भएर लाग्ने उल्लेख गर्नुभयो । स्वदेशी उत्पादनलाई समस्यामा पार्नेगरी अवैध तस्करी नियन्त्रणमा लागि सरकार निर्मम भएर लाग्ने स्पष्ट पार्दै आम जनताको दैनिक जीविकोपार्जनका लागि हदैसम्मको लचक हुने बताउनुभयो।

अर्थमन्त्रीले सरकारको नियमित दायित्व मात्रै करिब रु १३ खर्ब ३० अर्ब रहेको, करिब रु सात खर्ब अपुग हुने तथ्य पेस गर्नुभयो । उहाँले सिर्जनशील कार्यक्रमका लागि आफूले स्रोत जुटाउने विश्वास दिलाउँदै चुनौतीलाईअवसरकारूपमाबदल्ने बताउनुभयो । अर्थ मन्त्रालयले यसअघि नै मन्त्रालयहरूलाई बजेटको 'सिलिङ' तोकेर पठाइसकेको जानकारी दिँदै उहाँले त्यस आधारमा नै सम्बन्धित मन्त्रालयमार्फत समावेश गर्न सकिने विषय भए मन्त्रालयले सम्बोधन गर्ने स्पष्ट पार्नुभयो । अर्थमन्त्रीले नियमित स्रोतबाटमुलुककोआवश्यकतालाई सम्बोधन गर्न नसकिने भएकाले सरकारले 'वैकल्पिक वित्तसम्बन्धी विधेयक' तत्काल अगाडि बढाउन लागिएको जानकारी दिनुभयो। उहाँले सो विधेयकलाई थप समृद्ध बनाउन सबैको सार्थक सहयोग जरुरी रहेको आवश्यकता औँल्याउनुभयो । अर्थमन्त्री वाग्लेले पाँच वटा 'थिम'मा आगामी आर्थिक वर्षको बजेट आउने जानकारी दिनुभयो। उहाँले वर्तमान सरकार गठन भएपछि अगाडि बढाइएको सुशासनको लाभांश वितरण गर्ने तरिकाले बजेट विनियोजन गर्ने विश्वास दिलाउनुभयो।

यस्तै, उहाँले अर्थतन्त्रको पुनः संरचना गर्नेगरी बजेट आउने उल्लेख गर्नुभयो। त्यस्तै, सम्पर्क सञ्जालको विस्तार एवम् सहरी विकास, भौतिक पूर्वाधार, ऊर्जा, सिँचाइ, खानेपानी सडकजस्ता 'डिजिटल' नेटवर्कका लागि ठूलो लगानी गरिने जानकारी गराउनुभयो । अर्थमन्त्रीले निजी क्षेत्रलाई पनि सडक पूर्वाधार निर्माणमा सहभागी गराउने योजना सरकारको रहेको उल्लेख गर्नुभयो। नेपालको सौम्य शक्तिको विस्तारमार्फत संस्कृति, पर्यटन र परराष्ट्र सम्बन्धको थप प्रवर्द्धन गर्ने, डायोस्परालाई आर्थिक विकासमा सहभागी गराउने गरी उक्त स्रोतको परिचालन गर्ने उहाँको कथन छ।

उहाँले आगामी आवको बजेटमा सरकारको नीति तथा कार्यक्रम, शासकीय सुधार र सरकारको वाचापत्रलाई समेटिने दोहोऱ्याउनुभयो। बजेटका प्राथमिकता तथा सिद्धान्तमार्फत सुधारमुखी 'एजेन्डा' अघि सारिने अर्थमन्त्रीको भनाइ छ। त्यस्तै, विप्रेषणमा आधारित अर्थतन्त्रलाई क्रमशः उत्पादनमा आधारित बनाउने र सामाजिक उन्नयन तथा मध्यम वर्गको विस्तारमा जोड दिइने उहाँले बताउनुभयो । उहाँले आफूले अर्थमन्त्रालय सम्हालेदेखि साना-ठूला गरी ३०० भन्दा बढी काम भइसकेको समितिलाई जानकारी दिनुभयो। उहाँले यही वैशाख ३१ गते संसद्मा बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत हुने जानकारी गराउनुभयो । सांसदहरूले संसद्मा दिनुहुने सुझावलाई समेत बजेटमा समावेश गरिने उल्लेख गर्नुभयो। सीमा क्षेत्रमा हुने तस्करी निर्मम भएर नियन्त्रण गरिने अर्थमन्त्री डा वाग्लेको भनाइ छ। सीमा क्षेत्रमा बसोबास गर्ने आम नागरिकलाई दैनिक उपभोगका सामग्री खरिदमा सहजीकरण गर्ने तर सङ्गठित तस्करी र राजस्व चुहावट नियन्त्रणमा भने कडा रूपमा प्रस्तुत हुने उहाँले स्पष्ट पार्नुभयो। रु एक सयभन्दा बढी मूल्यका वस्तुमा भन्सार लाग्ने व्यवस्था वर्तमान सरकारले ल्याएको नभई दशकौँदेखि कायम रहेको नीति भएको र चालु आवको बजेटमा सो व्यवस्था रहेको जानकारी दिनुभयो। एकै दिनमा पटक-पटक सीमा वारपार गरेर नेपाली बजार र गोदाममा सामान भित्र्याई स्वदेशी उत्पादनलाई क्षति गर्ने गिरोहविरुद्ध विशेष अभियान सञ्चालन गरिने उहाँको भनाइ छ । सीमा सुरक्षालाई प्रविधिमैत्री बनाउन सरकारले सीमा क्षेत्रमा क्यामेरा, अनुहार पहिचान गर्ने यन्त्र, नाइट भिजन उपकरण र कृत्रिम बुद्धिमत्ता (एआई) मा आधारित निगरानी प्रणाली प्रयोग गर्ने योजना अघि सारिएको उहाँको कथन छ।

अर्थमन्त्री डा वाग्लेले धितोपत्र बजारको विकासका लागि सरकारले उदार नीति अगाडि सारेको जानकारी दिनुभयो । उहाँले राष्ट्रपतिले सोमबार प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा स्टक मार्केट, पुँजी बजारबारे एकदमै उदार नीतिहरू घोषणा गरिएको उल्लेख गर्नुभयो। उहाँले त्यसलाई बजेटमा थप आकार दिइने स्पष्ट पार्नुभयो।

अर्थमन्त्री डा वाग्लेले केही सीमित समूहले पुँजी बजारमा चलखेल गरेर 'इन्साइडर ट्रेडिङ' गरी जनताको ठूलो रकम दुरूपयोग गरिएको यथार्थता पेस गर्नुभयो । उहाँले त्यस्ता समूहले आर्थिक लाभ मात्र नभई राजनीतिक संस्थामाथि समेत प्रभाव जमाएको दाबी गर्नुभयो । अर्थमन्त्री वाग्लेले स्टक एक्सचेन्जको पुनः संरचनाका लागि गठन गरिएको एउटा समितिले प्रतिवेदन दिएको जानकारी दिँदै त्यसलाई क्रमशः कार्यान्वयनमा लगिने बताउनुभयो । उहाँले जेनजी आन्दोलनले मुलुकलाई गलत दिशामा जानबाट जोगाएको र हाल सुशासनलाई ठूलो प्राथमिकताका साथ अगाडि बढाइएको उल्लेख गर्नुभयो । सांसदहरू ध्रुव राई, परशुराम तामाङ, भरत गिरीलगायतले आगामी आर्थिक वर्षको बजेटका बारेमा सुझाव दिनुभएको थियो।

# पत्रकारितामा मल्टिमिडिया र एआई प्रयोगबारे तालिम सकियो

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख



नेपालपत्रकारमहासंघकास्कीको आयोजनामा आईतबारदेखि सुरु भएको पत्रकारितामा मल्टिमिडिया तथा एआई सम्बन्धी तालिम सकिएको छ।

पोखरा महानगरपालिकाको सहयोगमा र नेपाल खोजमूलक मल्टिमिडिया पत्रकारिता सञ्जाल (निमजिन) को प्राविधिक सहयोगमा भएको तालिम मंगलबार सकिएको हो । तालिममा विभिन्न सञ्चारमाध्यममा कार्यरत ७५ जना पत्रकारहरु सहभागी थिए। तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई नेपाल पत्रकार महासंघ, कास्कीका पूर्व अध्यक्ष प्रेस स्वतन्त्र सेनानी माधव शर्माले प्रमाणपत्र वितरण गरेका थिए। कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी शर्माले अहिलेको समय एआई र मल्टिमिडियाको भएको उल्लेख गर्दै उनले यसको बढ्दो दुरुपयोगप्रति चिन्ता व्यक्त गरे। प्रविधिको विकास र बदलिँदो परिवेशसँगै पत्रकारिता क्षेत्रमा नयाँ चुनौतीहरू थपिएको उनको भनाइ थियो । एआईको माध्यमबाट व्यक्तिहरूको चरित्र हत्या गर्ने वा नभएका दृश्यहरू सिर्जना गर्ने काम भइरहेकाले यसको सही प्रयोगमा ध्यान दिनुपर्ने उनले सुनाए। समाचारलाई पटक-पटक मिति बिना नै प्रसारण गर्दा जनमानसमा अनावश्यक त्रास पैदा हुने विषयमा उनले सजग गराए। नयाँ पुस्ताका पत्रकारहरूले यस्ता भ्रमपूर्ण कार्यहरू रोक्नुपर्ने र जिम्मेवार पत्रकारिता गर्नुपर्नेमा उनको जोड थियो। कार्यक्रममा प्रशिक्षार्थीद्वय रोजी श्रेष्ठ र तुलसीराम सुवेदीले प्रविधिको युगमा प्राविधिक ज्ञान हासिल गरेका बताएका थिए । तालिममा सिकेका सिपलाई पत्रकारितामा भरपुर प्रयोग गर्ने उनीहरुको प्रतिवद्धता थियो । तालिममा डिजिटल प्लेटफर्मको प्रभावकारी प्रयोग तथा एआई प्रविधिको प्रयोगसम्बन्धी विषयमा प्रशिक्षण दिइने नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले जानकारी दिए।

हाँसौः स्वस्थ रहौं।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

हाँसौं र हँसाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# छोरेपाटन माविका ३ जनाले ल्याए एसइईमा ४ जिपिए

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख







राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजाअनुसार छोरेपाटन माविका ३ जना विद्यार्थीले उच्चतम् ४.० जिपिए ल्याएका छन्।

विद्यार्थी शिवानी सुवेदी, रचना ढकाल र करिना गौडेलले उच्चतम् ४.० जिपिए ल्याएका हुन्। विद्यालयबाट २०८१ सालमा १ जनाको पनि ४.० जिपिए आएको थियो ।नतिजा हेर्दा छोरेपाटन माध्यमिक विद्यालयले एकपछि अर्को सफलता हात पार्दै गएको देखिन्छ । कुल १ सय ८१ जना विद्यार्थी परीक्षामा सम्मिलित भएकामा ३.६ देखि ३.९९ जिपिए ल्याउने विद्यार्थी ३४ जना छन्। त्यस्तै ५१ जनाले ३.२ देखि ३.५९ जिपिए ल्याएका छन्। कुल १ सय ८१ मध्ये एक सय ५४ जना विद्यार्थी (८५ प्रतिशत) ग्रेडेड हुन सफल भएको सहायक प्रधानाध्यापक खेमराज बरालले जानकारी दिए। छोरेपाटन स्कुल पोखरा क्षेत्रकै रोजाइको स्कुलमा पर्दछ । यहाँ नर्सरी देखि कक्षा १२ सम्म पठनपाठन हुन्छ। विद्यालयको सफलताप्रति खुसी व्यक्त गर्दै विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्मा भुषालले उत्कृष्ट नतिजासहित उत्तीर्ण सम्पूर्ण विद्यार्थीलाई बधाई दिँदै सफल र गौरवपूर्ण आगामी शैक्षिक यात्राको शुभकामना दिएका छन् । साथै उनले उत्कृष्ट नतिजाको लागि हरदम क्रियाशील शिक्षक, शिक्षिका तथा अभिभावकमा हार्दिक धन्यवाद सहित आभार समेत व्यक्त गरेका छन्।

# पोखराका ...

नेचर केयर आयुर्वेद अस्पताल, साधना आयुर्वेद क्लिनिक, आरोग्य होमियो फार्मेसी, आरोग्य होमियोप्याथिक अस्पताल, पञ्चम आयुर्वेद, पोखरा हेल्दी होम्स, रश्मी आयुर्वेद क्लिनिक र फेमिली आयुर्वेदिक क्लिनिकको अनुगमन गरिएको थियो। अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, पोखरा महानगरपालिका, गण्डकी आयुर्वेद अस्पताल, प्रादेशिक जनस्वास्थ्य केन्द्र, वडा प्रहरी कार्यालय बैदाम, उपभोक्ता मञ्चका प्रतिनिधिलगायत सञ्चारकर्मीको सहभागिता रहेको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# संविधान मिच्दै हिड्ने सरकारलाई सर्वोच्चको लगाम

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बारालेन्द्र शाह नेतृत्वको सरकारका कामकारबाही र निर्णयमा एकपछि अर्को झट्का लागेको छ । बोलाइएको संसद् अधिवेशन नै स्थगित गरेर अध्यादेशमार्फत विभिन्न कानुन संशोधन गर्ने निर्णय गरेको शाह नेतृत्वको सरकारका निर्णयविरुद्ध सरोकारवालाहरू अदालत पुगेपछि ती निर्णयहरूमा अदालतले रोक लगाएर सरकारलाई झट्का दिएको हो । स्वतन्त्र विद्यार्थी युनियन खारेज गर्ने, कर्मचारी ट्रेड युनियन नराख्ने र सुकुमबासी बस्ती भत्काउने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिँदै रोक लगाएको छ । प्रारम्भिक रूपमा सरकारका निर्णयमा अदालतले रोक लगाउनुलाई सरकारको स्वेच्छाचारी निर्णय हो । सरकारका कामकारबाहीमा अदालतले रोक लगाएको यो सरकारको पालामा मात्र होइन । विगतका सरकारले गरेका निर्णयहरूमा समेत अदालतले रोक लगाएका कैयौँ उदाहरण छन् ।

शाह नेतृत्वको सरकारले 'केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३' मार्फत कर्मचारी ट्रेड युनियन खारेजी प्रक्रिया अघि बढाएको थियो । २०८३ वैशाख २० गते जारी गरिएको उक्त अध्यादेशले 'निजामती सेवा ऐन, २०४९' मा संशोधन गर्दै कर्मचारीको आधिकारिक ट्रेड युनियनको व्यवस्था खारेज गरेको थियो । अध्यादेशले ट्रेड युनियनसम्बन्धी व्यवस्थालाई हटाएर त्यसको ठाउँमा निजामती कर्मचारीको गुनासो सुनुवाइको व्यवस्था गरेको थियो । अध्यादेश जारी भएपछि वैशाख २२ गते सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ट्रेड युनियनका कार्यालय बन्द गर्ने र वैशाख २३ गते श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले ट्रेड युनियन खारेज गर्ने सूचना जारी गरेका थिए । सरकारको उक्त कदमविरुद्ध नेपाल निजामती कर्मचारी सङ्गठन केन्द्रीय कार्यसमितिका तर्फबाट अध्यक्ष भवानी दाहाललगायतले राष्ट्रपति कार्यालय शीतल निवाससमेतलाई विपक्षी बनाई सर्वोच्चमा रिट दायर गरेका थिए । निवेदकले अध्यादेश र त्यसका आधारमा जारी भएका सूचना संविधानको धारा १७ ले दिएको सङ्घसंस्था खोल्ने स्वतन्त्रता र धारा ३४ ले दिएको ट्रेड युनियन खोल्ने तथा सामूहिक सौदाबाजी गर्ने हकसँग बाझिएको दाबी गरेका थिए । उक्त रिटमा सर्वोच्च अदालतको संवैधानिक इजलासले निजामती कर्मचारीको ट्रेड युनियन खारेज गर्ने गरी ल्याइएको अध्यादेश तत्काल कार्यान्वयन नगर्न सोमबार अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी र हरिप्रसाद फुयालको बहुमतको रायमा 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३' को दफा १० कार्यान्वयन नगर्न आदेश दिइएको छ। संवैधानिक इजलासमा रहेका अन्य दुई न्यायाधीश विनोद शर्मा र सारङ्गा सुवेदीले भने तत्काल अन्तरिम आदेश दिन नपर्ने भन्दै फरक राय राखेका छन् । बहुमत न्यायाधीशको आदेशमा ट्रेड युनियनसम्बन्धी व्यवस्था संविधानको सङ्घसंस्था खोल्ने स्वतन्त्रता र ट्रेड युनियन खोल्ने तथा सामूहिक सौदाबाजी गर्ने हकको संवैधानिक प्रत्याभूतिसँग जोडिएको भन्दै तत्काल अध्यादेश कार्यान्वयन नगर्न भनिएको छ । अदालतले अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयको टुङ्गो दुवै पक्षसँग जेठ ६ गते छलफलपछि लाग्नेछ । कर्मचारी युनियन मात्र होइन, सरकारको स्ववियु खारेजीको निर्णयमा पनि सर्वोच्च ले रोकेको छ । अध्यादेशमार्फत शाह नेतृत्वको सरकारले विद्यार्थी सङ्गठनहरू खारेज गर्ने निर्णय गरेको थियो । त्यसविरुद्ध दीपक धामीसहित आठ विद्यार्थी सङ्गठनका नेताहरूले संयुक्त रूपमा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

विद्यार्थी सङ्गठनका नेताहरूले विचारका आधारमा सङ्गठनमा आबद्ध हुन पाउने अधिकार संविधानप्रदत्त अधिकार भएको भन्दै विश्वविद्यालयहरूमा विद्यार्थी सङ्गठन हटाउने सरकारको निर्णय कार्यान्वयन नगराउन अन्तरिम आदेशको माग गरेका थिए । बालेन नेतृत्वको सरकारले सुकुमबासी बस्तीमा डोजर लगाएर नदी किनाराका सुकुमबासी हटाउन सुरु गरेको थियो । तर, सरकारको उक्त निर्णयविरुद्ध सुकुमबासी बस्तीमा बसोबास गर्दै आएका गोपाल रनपहेली, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र माजिद अन्सारीसमेतले सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटमा न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेको इजलासले गत शुक्रबार सरकारसँग जवाफ माग गर्दै व्यवस्थापनबिना सुकुमबासीहरूलाई नहटाउन अन्तरिम आदेश जारी गरेको छ । 'सुकुमबासी र अव्यवस्थित बसोबासीहरूलाई निजहरू बसोबास गरेको स्थानबाट विस्थापित गरी अन्यत्र व्यवस्थापन गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया अवलम्बन नगरी निजहरूलाई व्यवस्थापनबाट हटाउँदा शिक्षा, स्वास्थ्य, आवासको हकमा अपूरणीय क्षति एवं उत्पन्न हुन सक्ने मानवीय सङ्कटलाई समेत दृष्टिगत गरी..' आदेशमा भनिएको छ ।

सर्वोच्चले बहसका क्रममा सुकुमबासीको आधारभूत आवश्यकता परिपूर्ति नभएको भनी राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट समेत समस्या औँल्याइएको भन्दै आधारभूत आवश्यकता उपलब्ध गराउने थप प्रभावकारी कार्य गर्न/गराउन अन्तरिम आदेशमार्फत भनेको छ । सर्वोच्च अदालतले विस्थापित भएकाहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्नसमेतको परिपूर्ति गर्न सरकारलाई आदेश दिएको छ । संविधान र संसदीय मूल्य र मान्यता विपरीत चलेको मैमत्त सरकारलाई लगाम लगाउँदै सर्वोच्चले मानवीय र अन्तर्राष्ट्रिय क्षेत्रसंग गरेका संझौता पालना गर्न संझाएको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# व्यास नगरपालिकाद्वारा दीर्घरोगीलाई सहयोग

पोखरापत्र संवाददाता
दमौली, २९ बैशाख

यहाँको व्यास नगरपालिकाले दीर्घरोगीलाई रु ३९ लाख भत्ताबापत सहयोग गरेको छ। नगरपालिकाले चालु आर्थिक वर्षमा २६६ जना दीर्घरोगीलाई मासिक रु पाँच हजारका दरले रु ३९ लाख २८ हजार सहयोग गरेको हो ।

उक्त रकम सम्बन्धित व्यक्तिको बैंक खातामा दाखिला गरिएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । दीर्घरोगका कारण नियमित उपचार गर्नुपर्ने र आर्थिक रूपमा समस्यामा परेका नागरिकलाई सहयोग पुगोस् भन्ने उद्देश्यले नगरपालिकाले यो कार्यक्रम सञ्चालन गरेको उहाँले बताउनुभयो ।

नगरपालिकाले क्यान्सर, मिर्गौला रोग, मुटुरोग, पक्षघातलगायतका दीर्घरोगबाट पीडित नागरिकलाई लक्षित गरी यो सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । यस्ता रोगका बिरामीले नियमित औषधोपचार, परीक्षण तथा अस्पताल आवतजावतमा ठूलो आर्थिक भार व्यहोर्नुपर्ने भएकाले स्थानीय सरकारले सहयोगको नीति अघि सारेको उहाँको भनाइ छ ।"दीर्घरोगका बिरामीलाई उपचार खर्च जुटाउन निकै कठिन हुने अवस्था छ। स्थानीय सरकार नागरिकको नजिकको सरकार भएकाले यस्ता वर्गलाई प्राथमिकतामा राखेर सहयोग कार्यक्रम सञ्चालन गरिएको हो", प्रमुख प्रशासकीय अधिकृत लम्सालले भन्नुभयो । नगरपालिकाले सामाजिक सुरक्षा तथा जनस्वास्थ्यलाई प्राथमिकतामा राख्दै विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ । दीर्घरोगीलाई आर्थिक सहयोग, स्वास्थ्य शिविर, निःशुल्क परीक्षण तथा जनचेतनामूलक कार्यक्रममार्फत नागरिकको स्वास्थ्य अवस्थालाई सुधार गर्ने प्रयास भइरहेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । स्थानीयवासीले नगरपालिकाको यो कार्यक्रम सकारात्मक र उदाहरणीय भएको बताएका छन् ।

आर्थिक अभावका कारण उपचारमा समस्या झेलिरहेका बिरामीलाई मासिक सहयोगले केही राहत पुगेको उनीहरूको भनाइ छ । विशेष गरी नियमित औषधि सेवन गर्नुपर्ने तथा अस्पतालमा बारम्बार पुग्नुपर्ने बिरामीलाई यस्तो सहयोग प्रभावकारी बनेको स्थानीयको अनुभव छ । नगरपालिकाले आगामी वर्षहरूमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत स्वास्थ्य तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लैजाने नगरप्रमुख न्यौपानेले उल्लेख गर्नुभयो ।

# नेपाल स्कटल्यान्डसँग पराजित

रासस
काठमाडौं, २९ बैशाख

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय शृङ्खलामा नेपाल स्कटल्यान्डसँग पराजित भएको छ ।

कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा मंगलबार भएको खेलमा नेपाल स्कटल्यान्डसँग दुई रनले पराजित भएको हो । स्कटल्यान्डले नेपाललाई जितका लागि २४४ रनको लक्ष्य दिएको थियो । तर नेपालले जवाफी ब्याटिङ गर्ने क्रममा वर्षा अवरोध भएको थियो । त्यसपछि खेल डकवर्थ-लुइस पद्धतिका आधारमा नेपालले ३९ ओभरमा २२१ रनको नयाँ लक्ष्य पाएको थियो । जसमा नेपाल ३९ ओभरमा ७ विकेट गुमाएर २१८ रनमा समेटियो । नेपालका लागि गुल्सन झाले सर्वाधिक ६१ रनको योगदान दिए । उनले ३५ बलमा २ चौका र ५ छक्काको सहयोमा अविजित ६१ रन बनाएका हुन् ।

त्यस्तै, उपकप्तान दीपेन्द्रसिंह ऐरीले ४९ बलमा ५ चौका र १ छक्काको सहयोगमा ५५ रनको अर्धशतकीय इनिङ खेले । आसिफ शेख २१, कप्तान रोहित पौडेल ३२ तथा करण केसी १८ रनमा आउट भए । नन्दन यादव ८ रनमा अविजित रहे । बलिङतर्फ स्कटल्यान्डका ब्राड करिले ३, मार्क वाटले २ तथा ओलिभर डेविडसन र ज्याक जाभ्रिसले समान १/ १ विकेट लिए । त्यसअघि, टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २४३ रनको योगफल बनाएको थियो ।

स्कटल्यान्डका लागि जर्ज मुन्सीले आक्रामक ब्याटिङ गर्दै ६२ बलमा १२ चौका र २ छक्कासहित सर्वाधिक ७५ रन बनाए । त्यस्तै, फिन्ले म्याकक्रेथले ३५ रन जोड्दा माइकल इङ्ग्लिस ३४ रनमा अविजित रहे । अन्त्यतिर माइकल लिस्कले २९ तथा मार्क वाटले २४ रन थपेपछि स्कटल्यान्ड सम्मानजनक योगफलतर्फ पुगेको थियो । नेपालका लागि सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गर्दै १० ओभरमा ४१ रन खर्चेर ४ विकेट लिए । त्यस्तै, करण केसी र नन्दन यादवले समान २-२ विकेट लिए ।

# विपन्न बालबालिकालाई कपडा वितरण

पोखरापत्र संवाददाता
बागलुङ, २९ बैशाख



यहाँको निसीखोला गाउँपालिकाका दुई हजार ९१३ विपन्न बालबालिकालाई कपडा वितरण गरिएको छ।

'स्लिपिङ चिल्ड्रेन अराउन्ड द वर्ल्ड क्यानडियन' संस्थाको सहयोगमा रोटरी क्लब अफ हिमालयन ग्लोफोर्स काठमाडौँले दुई करोड ३४ लाख रुपैयाँबराबरको लत्ताकपडा वितरण गरेको हो । गाउँपालिकाभित्रका ४५ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ६ देखि १२ वर्ष उमेरका बालबालिकालाई म्याट सेट, झुल, झोला, सिरक, ट्रयाकसुटलगायत सामग्री उपलब्ध गराएको रोटरी क्लब अफ हिमालयन ग्लोफोर्सका अध्यक्ष भाइराजा पाण्डेले जानकारी दिनुभयो । दूरदराजका बालबालिकाको पढाइलाई सहजता बनाउन कपडा वितरण गरिएको उहाँको भनाइ छ ।

पाण्डेले भन्नुभयो, "हामीले विकटमा रहेका विपन्न बालबालिकाका लागि विगतदेखि सहयोग गर्दै आएका छौँ, यसपटक निसीखोला गाउँपालिकाका बालबालिकालाई कपडालगायतका सामान वितरण गरेका हौँ, आगामी दिनमा पनि अरु क्षेत्रमा वितरण गर्ने हाम्रो योजना छ ।"

निसीखोला गाउँपालिका-५ स्थित ज्ञानेन्द्र माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमराज सापकोटाले सो संस्थाको यो सहयोगले यस क्षेत्रका बालबालिकालाई पढाइप्रति रुचि बढाउने बताउनुभयो । आर्थिक अभावमा निसीखोला क्षेत्रमा धेरै बालबालिकाले विद्यालय पोसाक किनेर लगाउन नसक्ने अवस्था रहेकाले संस्थाको सहयोगले ठूलो राहत मिलेको सापकोटाले बताउनुभयो ।

# पुल निर्माणमा ढिलासुस्ती भएपछि १२ वर्षपछि 'तोडियो' सम्झौता

पोखरापत्र संवाददाता
तनहुँ, २९ बैशाख

तराई र पहाडी क्षेत्र जोड्ने वैकल्पिक मार्गको रुपमा रहेको पोखरा-नारायणगढ सडक बुद्धसिंह मार्गअन्तर्गत घुमाउनेस्थित त्रिशूली नदीमा निर्माणाधीन मोटरेबल पुलको ठेक्का सम्झौता अन्त्य गरिएको छ ।

निर्माण सुरु भएको १२ वर्षपछि काम सम्पन्न नभएको र निर्माण व्यवसायीले पटक-पटकको निर्देशन अटेर गरेपछि सडक डिभिजन कार्यालय दमौलीले आज सार्वजनिक सूचना जारी गर्दै ठेक्का अन्त्य गरेको हो ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-२९ स्थित घुमाउने पुल बनाउन सडक डिभिजन कार्यालयले निर्माण कम्पनी 'मृत सञ्जीवनी निर्माण सेवा'सँगको सम्झौता अन्त्य गर्दै प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको सूचनामा जनाइएको छ । कार्यालयले गत चैत १७ गते संशोधित 'डिजाइन' स्वीकृत भइसकेको जनाउँदै १५ दिनभित्र काम सुरु गर्न अन्तिम मौका दिएको थियो । तर, उक्त निर्देशनपछि पनि सम्पर्कमा नआएको र कुनै प्रगति नदेखिएपछि सम्झौतामा उल्लेखित निर्देशन 'गम्भीर उल्लङ्घन' को प्रावधानअनुसार ठेक्का तोडिएको सडक डिभिजन प्रमुख राजीव श्रेष्ठले जानकारी दिनुभयो ।

पुल निर्माणमा भएको चरम ढिलासुस्तीका कारण स्थानीयवासी लामो समयदेखि आन्दोलित हुँदै आएका थिए । पुल निर्माण सङ्घर्ष समितिका संयोजक सिद्धान्त गर्जा मगरले निर्माण कम्पनीले जनताको भावनासँग खेलबाड गरेको बताउनुभयो । विसं २०७० असारमा रु १० करोड २१ लाख ८६ हजार लागतमा सम्झौता भएको १०५ मिटर लामो उक्त पुलको हालसम्मको भौतिक प्रगति केवल ३६ प्रतिशत मात्र रहेको छ । यस पुल निर्माण सम्पन्न भएमा दमौलीबाट चितवन पुग्न हालको मुग्लिन-डुम्रे सडकभन्दा करिब २५ किलोमिटर दूरी छोटो पर्नेछ ।

पुल नबनेका कारण यस क्षेत्रका छ/सात वटा साना बस तथा जीप घुमाउनेघाटसम्म मात्रै चल्न बाध्य छन् । यात्रु झोलुङ्गे पुल प्रयोग गरी मुग्लिन-नारायणगढ सडकखण्डसम्म पुग्ने गरेका छन् भने दुई पाङ्ग्रे सवारीसाधन पुलबाट डोर्‍याउँदै सडकखण्डमा जोडिन्छन् । सडक डिभिजन कार्यालयले जारी गरेको सूचनामा निर्माण व्यवसायीलाई अविलम्ब निर्माणस्थल खाली गर्न तथा बाँकी भुक्तानी भए १५ दिनभित्र हिसाब मिलान (वित्तीय फरफारक) गर्न निर्देशन दिइएको छ । ठेक्का रद्द भएसँगै अब नयाँ बोलपत्र आह्वान गरी पुल निर्माणको बाँकी काम अघि बढाउने बाटो खुलेको छ । निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने प्रक्रियासमेत अघि बढाइएको डिभिजन प्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

# 'सती घाटु' नाच संरक्षण गर्दै बडिगाड र गलकोट

पोखरापत्र संवाददाता
बागलुङ, २९ बैशाख

आधुनिकताले कयौँ परम्परा र संस्कृतिको लोप भइरहेका बेला बागलुङमा भने 'सती घाटु' नाच संरक्षण गर्न थालिएको छ।

तत्कालीन पर्वते राजा पर्शुराम र उनकी रानीको जीवनकथामा आधारित गीतिनाटक 'सती घाटु' नाच बागलुङको बडिगाड र गलकोटमा संरक्षण गर्न थालिएको हो । 'सती घाटु' नाचमा युद्धमा राजाले वीरगति प्राप्त गरेपछि रानीहरूले गर्ने विलाप, कारुणिक गीत र नृत्यमार्फत व्यक्त गरिन्छ । नृत्यका क्रममा गीतकै लयमा घाटुनीहरू लठ्ठिएर नाच्ने, आँखा बन्द गर्ने र ढल्ने गर्छन् । जसलाई पुनः गीतबाटै उठाइन्छ । बिहानदेखि सुरु हुने यो नृत्य मध्यरातपछि मात्र समापन हुन्छ ।

निकै लामो समय, धेरै कलाकार र विषयवस्तुसमेत कठिन र परम्परागत भएकाले नयाँ पुस्तामा सहजै हस्तान्तरण हुन नसकेको यो नाच सांस्कृतिक सम्पत्तिका रुपमा संरक्षण थालिएको हो । पश्चिम बागलुङको बडिगाड गाउँपालिकाको सिसाखानी र गलकोट नगरपालिकाको पाण्डखानी र रिघामा झण्डै ३०० वर्ष पुरानो 'सती घाटु' नाच प्रचलनमा छ ।

बडिगाड गाउँपालिका-३ का वडाध्यक्ष खड्कबहादुर पुनका अनुसार, 'सती घाटु'को गीत लेखन, पुस्तान्तरण तथा विधिबारे लिखित दस्तावेज तयार गर्ने योजना वडा कार्यालयले बनाएको छ। घाटुको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार भइरहेको उहाँको भनाइ छ । यस्तै गलकोट नगरपालिका-१० पाण्डवखानीमा पनि 'सती घाटु'को दस्तावेजीकरण गरिएको छ । गण्डकी प्रज्ञा प्रतिष्ठानले तीन वर्षअघि अडियो रेकर्डका लागि सहजीकरण गरेको घाटु संयोजन गर्नुहुने स्थानीय गिरीप्रसाद थापाले बताउनुभयो। "तीन दिन लगाएर हामीले घाटु गीतको अडियो तयार गरेका छौँ, 'सती घाटु' संरक्षणको लागि अन्य काम पनि गर्ने योजना छ", थापाले भन्नुभयो । विगत १५ वर्षदेखि घाटु गाउन थाल्नुभएका गलकोट नगरपालिका-११ रिघाका नरबहादुर दर्जी मेला महोत्सवको बेला मात्र घाटु खोजिनुले संरक्षण नहुने तर्क गर्नुहुन्छ । घाटुकै लागि कुनै ठोस काम गर्न नसके पनि हरेक वर्ष घाटु प्रदर्शनका लागि वडाले सहजीकरण गरिरहेको रिघाका वडाध्यक्ष डम्बरबहादुर श्रीस तर्क गर्नुहुन्छ । सती घाटु नाचको सुरुआत चैत्राष्टमीदेखि सुरु हुन्छ र दशरा तिथिमा गएर समाप्त हुन्छ । यद्यपि, यो तिथि असार महिनामा पर्ने र त्यति बेलासम्म गाउँघरमा कामको माचो सुरु भइसक्ने भएकाले आजकाल जेठको २० मा घाटु नाचको विधिवत् समापन गरिन्छ । बागलुङमा घाटु नाचको लिखित दस्तावेज नभए पनि अन्यत्रबाट साविकको सिसाखानी गाविसको सिसाखानी र पाण्डवखानी गाविसको तामाखानीमा काम गर्न आएका कामदारले बडिगाड र गलकोटमा 'सती घाटु' नाच प्रचलन ल्याएको स्थानीय अगुवा बताउनुहुन्छ ।

घाटु गुरु कुलबहादुर भुजेलका अनुसार, 'सती घाटु' नाचको इतिहास हाल पाँचौँ पुस्तासम्म मात्रै थाहा पाउन सकिन्छ । "विसं १९७८ यताको पुस्ताले घाटु नाचेको जानकारी छ, त्यसअघिको कुनै जानकारी छैन", घाटुगुरु भुजेलले भन्नुभयो । बडिगाड गाउँपालिका-४ जलजलाको झुलेडाँडाबाट सिसाखानीमा नाच्न थालिएको 'सती घाटु' अहिले जलजलाको झुलेडाँडामा भने लोप भइसकेको भुजेलले बताउनुभयो । झुलेडाँडाका घाटुगुरु सिसाखानी बसाई सरेपछि सिसाखानीमा 'सती घाटु'ले निरन्तरता पाएको बताइन्छ ।

# धौलागिरी दिवसः सेतो हिमालको गौरवगाथा

✍ दिपेन्द्र पहारी पर्यटनविद्

नेपाल हिमालहरूको देश हो। यहाँका हिमश्रृंखलाले विश्व पर्वतारोहण इतिहासमा पनि अतुलनीय योगदान दिएका छन्। तिनै गौरवशाली हिमालहरूमध्ये धौलागिरी हिमाल विशेष महत्व बोकेको हिमशिखर हो। विश्वको सातौँ अग्लो हिमाल धौलागिरी (८,१६७ मिटर) ले नेपालको साहसिक पर्यटन, पर्वतारोहण इतिहास र प्राकृतिक वैभवलाई विश्वमाझ चिनाएको छ। हरेक वर्ष मे १३ तारिखलाई "धौलागिरी दिवस" का रूपमा मनाइन्छ, किनकि सन् १९६० मा यही दिन पहिलो पटक मानवले धौलागिरी हिमालको सफल आरोहण गरेका थिए।

"धौलागिरी" शब्द संस्कृत भाषाका दुई शब्द "धवला" र "गिरि" बाट बनेको हो। "धवला" को अर्थ सेतो, चम्किलो वा उज्यालो र "गिरि" को अर्थ पर्वत हो। त्यसैले धौलागिरीलाई "सेतो हिमाल" भनेर चिनिन्छ। यसको सेताम्मे हिमरेखा र विशाल आकृतिले जो कोहीलाई आकर्षित गर्छ। यो गण्डकी प्रदेशअन्तर्गत म्याग्दी जिल्लाको धौलागिरी र रघुगंगा गाउँपालिकाको सीमाक्षेत्रमा पर्छ। पोखराको उत्तरपश्चिम दिशामा रहेको यो हिमाल पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ।

धौलागिरी हिमाल पहिलो पटक सन् १८०८ मा विश्वसामु परिचित भएको थियो। बेलायती अन्वेषक क्याप्टेन विलियम वेबले यसको उचाइ मापन गरेपछि विश्व चकित बनेको थियो। त्यसअघि दक्षिण अमेरिकाको एन्डिज पर्वतमालालाई विश्वकै अग्लो पर्वतश्रृंखला मानिन्थ्यो। धौलागिरी पत्ता लागेपछि केही दशकसम्म यसलाई नै विश्वको सबैभन्दा अग्लो हिमाल ठानिएको थियो। पछि कञ्चनजंघा र सगरमाथाको वास्तविक उचाइ पत्ता लागेपछि यसको स्थान सातौँ अग्लो हिमालका रूपमा स्थापित भयो।

धौलागिरी हिमालको अर्को विशेषता यसको भौगोलिक बनावट हो। धौलागिरी र अन्नपूर्ण हिमालको बीचमा संसारकै गहिरो खोँच मानिने कालीगण्डकी खोँच अवस्थित छ। धौलागिरीबाट करिब ३४ किलोमिटर पूर्वमा अन्नपूर्ण हिमाल रहेको छ। कालीगण्डकी नदी यही गहिरो खोँच हुँदै बग्ने भएकाले यस क्षेत्रको प्राकृतिक दृश्य अत्यन्त रोमाञ्चक देखिन्छ। धौलागिरी हिमश्रृंखला करिब १२० किलोमिटरसम्म फैलिएको छ, जुन कालीगण्डकी नदीदेखि पश्चिमको भेरी नदीसम्म विस्तार भएको मानिन्छ।

धौलागिरी हिमाललाई विश्वका सबैभन्दा चुनौतीपूर्ण आठ हजार मिटरमाथिका हिमालहरूमध्ये एक मानिन्छ। यसको उत्तरपूर्वी मार्गलाई "नर्मल रुट" भनिए पनि धौलागिरीका सबै आरोहण मार्गहरू प्राविधिक रूपमा कठिन छन्। यही कारणले अनुभवी र दक्ष पर्वतारोहीहरू मात्र यसको आरोहण गर्न इच्छुक हुन्छन्। धौलागिरीमा पाँच प्रमुख धारहरू तथा दक्षिण र पश्चिमी फेस रहेका छन्। यस हिमालको मौसम अत्यन्त अस्थिर हुने भएकाले हिमपहिरो, तीव्र हावाहुरी र चिसोले आरोहीलाई ठूलो चुनौती दिन्छ। धौलागिरी हिमाललाई सन् १९५० को दशकमा "असम्भव हिमाल" का रूपमा पनि हेरिन्थ्यो। फ्रान्सेली पर्वतारोहण टोलीले सन् १९५० मा नेपाल आएर अन्नपूर्ण हिमाल आरोहण गर्दा धौलागिरीको कठिन स्वरूप देखेर यसलाई छाडेको थियो। त्यसपछि अर्जेन्टिनेली, स्वीस, जर्मन तथा अष्ट्रियन टोलीहरूले पटक-पटक प्रयास गरे तापनि सफलता हात लागेन। सन् १९५४ मा अर्जेन्टिनेली टोलीले प्रयास गर्‍यो, सन् १९५५ मा स्वीस-जर्मन टोली आयो, सन् १९५६ मा फेरि अर्जेन्टिनेली टोली फर्कियो, सन् १९५८ मा पुनः स्वीस टोलीले प्रयास गर्‍यो, तर सबै प्रयास असफल बने।

अन्ततः सन् १९६० मा स्वीस-अष्ट्रियन टोली नेपाल आयो, जसको नेतृत्व म्याक्स आइजेलिनले गरेका थिए। टोलीमा कर्ट डिम्बर्गर, पिटर डिनर, अर्नेस्ट फोरर, अल्बिन स्केलबर्ट, निमा दोर्जे शेर्पा र नावा दोर्जे शेर्पा लगायतका पर्वतारोही सहभागी थिए। यो अभियान पर्वतारोहण इतिहासमा विशेष मानिन्छ, किनकि पहिलो पटक "यति" नामक पिलाटस पोर्टर विमान प्रयोग गरी हिमाली क्षेत्रमा सामग्री ढुवानी गरिएको थियो। फ्रेन्च पास क्षेत्रमा सामग्री पुर्‍याउने क्रममा विमान दुर्घटनामा परेको थियो, तर पाइलट अर्नेस्ट स्याक्सर र प्राविधिक सकुशल बचेका थिए। उनीहरू पैदलै पोखरा फर्किएका थिए। अनेक कठिनाइका बाबजुद अभियान जारी रह्यो।

सन् १९६० मे १३ तारिखको दिन मौसम सफा थियो, हावा लगभग चलेको थिएन। यही अवसरलाई उपयोग गर्दै पर्वतारोही धौलागिरीको चुचुरोमा पुगे। यससँगै धौलागिरी पहिलो पटक मानव पाइला पुगेको हिमाल बन्यो। नावा दोर्जे धौलागिरी आरोहण गर्ने पहिलो नेपाली बने। यो आरोहणसँग जोडिएको अर्को रोचक तथ्य के छ भने १३ जना पर्वतारोही अभियानमा थिए, उनीहरूले १३ तारिखमा सफलता पाए र धौलागिरी आरोहण गरिएको १३औँ आठहजारे हिमाल बन्यो।



धौलागिरी बेसक्याम्प करिब ४,७५० मिटर उचाइमा छ। त्यसपछि क्रमशः ५,८५० मिटर, ६,४०० मिटर र ७,४०० मिटरमा तीनवटा क्याम्प स्थापना गरेर चुचुरोतर्फ यात्रा गरिन्छ। धौलागिरी सर्किट ट्रेक पनि नेपालकै सबैभन्दा साहसिक पदयात्रामध्ये एक मानिन्छ। फ्रेन्च पास र धम्पुस पास हुँदै गरिने यो पदयात्राले हिमनदी, विशाल उपत्यका, भीर, जङ्गल र हिमाली गाउँहरूको अनुपम अनुभव दिन्छ। गुरुङ र मगर समुदायको संस्कृति, जीवनशैली र आतिथ्यले यस क्षेत्रलाई अझ आकर्षक बनाएको छ।

धौलागिरी क्षेत्र जैविक विविधता, प्राकृतिक शान्ति र कम भीडभाडका कारण पनि विशेष मानिन्छ। अन्नपूर्ण वा सगरमाथा क्षेत्रजस्तो अत्यधिक पर्यटक चाप यहाँ नदेखिने भएकाले यो क्षेत्र अझै प्राकृतिक र शान्त वातावरणमा रहेको छ। यही कारणले साहसिक पर्यटक र पर्वतप्रेमीहरू धौलागिरीलाई विशेष आकर्षणका रूपमा लिन्छन्। धौलागिरी दिवस, नेपाली पर्वतारोहण इतिहास, साहस, धैर्यता र राष्ट्रिय गौरवको प्रतीक हो। धौलागिरीले विश्वलाई सिकाएको सन्देश स्पष्ट छ–प्रकृतिको सम्मान गर्दै साहसिक यात्रालाई जिम्मेवार र दिगो बनाउनुपर्छ। सेतो हिमाल धौलागिरी आज पनि हिमाली सपनाको उज्यालो प्रतीक बनेर विश्वभरका पर्वतारोहीलाई चुनौती र प्रेरणा दिइरहेको छ।

# फलेवास नगरपालिकाले आजदेखि आफ्नै भवनबाट सेवा प्रवाह गर्दै

पोखरापत्र संवाददाता
पर्वत, २९ बैशाख



सङ्घीयता कार्यान्वयनमा आएको एक दशकपछि यहाँको फलेवास नगरपालिकाको भवन निर्माण भएको छ।

जिल्लाको सातवटा स्थानीय तहमध्ये फलेवास नगरपालिका आफ्नै भवन बनाउने छैटौँ स्थानीय तह बनेको छ। यसअघि मोदी, विहादी, पैयूँ, महाशिला र जलजला गाउँपालिकाले आफ्नै भवन निर्माण गरी कार्यालय सञ्चालन गर्दै आएका छन्।

अब कुश्मा नगरपालिकाको भवन निर्माण मात्र सम्पन्न हुन बाँकी छ। निर्माण अन्तिम चरणमा पुगेको जनाइएको छ। नवनिर्मित फलेवास नगरपालिका भवनको सोमबार नगरप्रमुख गङ्गाधर तिवारीले उद्घाटन गर्नुभयो। सो भवन कालीगण्डकी प्रदीप जुम्ली जेभीले २०७८ साल भदौ २१ मा सम्झौता भई निर्माण सुरु भएको थियो। नौ करोड एक लाख ५३ हजार २०० रुपैयाँमा निर्माण सम्पन्न भएको भवनमा तीनतला र ४२ कोठा छन्। जसमा तीनवटा सभाहलसहित खानेपानी, विद्युत, शौचालय जस्ता सुविधा छ।

त्यसैगरी, नगरपालिकाका सबै विषयगत शाखा एउटै भवनबाट एकीकृत रूपमा सञ्चालन गर्न थालिएको छ। सङ्घीय सरकारको ५० प्रतिशत र नगरपालिकाको ५० प्रतिशत लगानीमा भवन निर्माण गरिएको प्रमुख प्रशासकिय अधिकृत जीवन ज्ञवालीले जानकारी दिनुभयो। भवन निर्माणका लागि स्थानीय बासिन्दाले ६२ रोपनी जग्गा निःशुल्क प्रदान गरेका थिए। भवन उद्घाटन गर्दै नगरप्रमुख तिवारीले अब नागरिकले नगरपालिकाबाट लिने सेवा सुविधा सहज हुने बताउनुभयो।

# सञ्चार सुविधा अवरुद्ध हुँदा सेवा प्रवाहमा समस्या

पोखरापत्र संवाददाता
म्याग्दी, २९ बैशाख

जिल्लाको धवलागिरि गाउँपालिकाको केन्द्र मुनामा सञ्चार सेवा अवरुद्ध हुँदा सेवा प्रवाहमा समस्या उत्पन्न भएको छ।

धवलागिरि-४ मुदीमा रहेको दुरसञ्चार सेवा प्रदायक नेपाल टेलिकमको टावरमा विद्युत् आपूर्ति नहुँदा मुना, मुदी र लुलाङमा सञ्चार सेवा प्रभावित भएको हो।

मुनाका बासिन्दा नमिता पुनले यही वैशाख २२ गतेदेखि टावरमा देखिएको समस्या समाधान गर्न ढिलाइ हुँदा स्थानीयलाई सूचना आदानप्रदान गर्न असहज हुनुका साथै गाउँपालिकाको सेवामा पनि असर परेको गुनासो गर्नुभयो। प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले टेलिकमको टावरमा देखिएको समस्याका कारण इन्टरनेट राम्रोसँग नचलेर योजना तथा आपूर्तिकर्ता र सेवाप्रदायकलाई भुक्तानी गर्न, सूचना आदानप्रदान गर्न समस्या भएको बताउनुभयो।

वैशाख २२ गते परेको चट्याङका कारण मुदीको डाँडामा रहेको टेलिकमको टावरमा विद्युत् आपूर्ति अवरुद्ध भएको हो। टावरको वैकल्पिक विद्युत् आपूर्ति गर्ने 'ब्याकअप'मा पनि चट्याङले क्षति पुर्‍याएको धवलागिरिका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिनुभयो।

अध्यक्ष पुनले समस्या भएकै दिनदेखि समाधानका लागि नेपाल टेलिकम र नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरिरहेको बताउनुभयो। प्राविधिक टोलीले समस्या पहिचान गर्न ढिलाइ गरेको भन्दै उहाँले थप पहलका लागि सरोकार भएका निकायलाई ताकेता गरिरहेको बताउनुभयो।

# 'यमच्छो' अर्थात् 'वीरेन्द्र ताल'

पोखरापत्र संवाददाता
गोरखा, २९ बैशाख



पचास वर्षअघिसम्म सामागाउँका बासिन्दाले गाउँमाथिको पवित्रताललाई 'यमच्छो' भन्थे। विसं २०३४ मा जब तत्कालीन राजा वीरेन्द्र यहाँ भ्रमणमा आउनुभयो, उहाँ यमच्छो देखेर गदगद् हुनुभएको थियो।

मनास्लु बगेर जमेको यो ताल राजालाई धेरै नै मन परेछ भन्ने स्थानीयले महसुस गरेछन्। राजा बिदा हुने बेला स्थानीयले हार्दिकताका साथ यमच्छोको नाम सोही दिनदेखि वीरेन्द्रको नामबाट राखिदिएको र त्यो सुनेर उहाँ खुसी हुनुभएको थियो।

यो इतिहासबारे चुमनुब्री गाउँपालिका-१ का पूर्वअध्यक्ष वीरबहादुर लामाले सुनाउनुभएको हो। सामागाउँभन्दा केही माथि मनास्लुको काखमा अवस्थित यही सुन्दर ताललाई त्यसपछि सबैले वीरेन्द्र ताल भन्न थालेको उहाँले बताउनुभयो।

त्यही बेलादेखि मनास्लु क्षेत्र पर्यटकको रोजाइमा पर्नुका मुख्य आकर्षणमध्ये यो ताल पनि पर्ने गरेको स्थानीयको भनाइ छ। गत वर्ष २०८२ मा यहाँ करिब १५ हजार विदेशी पर्यटकले मनास्लु क्षेत्र भ्रमण गरेकामा दुईतिहाइभन्दा धेरैले सामागाउँ (नुब्री भ्याली) भ्रमण गरेको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) को तथ्याङ्कमा उल्लेख छ।

यसरी बर्सेनि ठूलो सङ्ख्यामा पर्यटक सामागाउँ भ्रमण गर्नुको मुख्य उद्देश्य वीरेन्द्र ताल सामागाउँ र मनास्लु हिमाल रहेको स्थानीय मिङ्मार छिरिङ लामाले बताउनुभयो। पछिल्लो समय समुद्री सतहबाट करिब तीन हजार ६९१ मिटर उचाइमा अवस्थित वीरेन्द्र ताल मनास्लु पदयात्रामा आउनेहरूको रोजाइमा पर्न थालेको उहाँले सुनाउनुभयो।

सामागाउँबाट करिब आधा घण्टा पैदल हिँडेर वीरेन्द्र ताल पुग्न सकिन्छ। यसलाई स्थानीयले 'यामच्छो' भन्छन्। यामच्छो तिब्बती शब्द हो भने यसको अर्थ 'माथिल्लो ताल' हुने गरेको जानकारहरू बताउँछन्। वीरेन्द्र ताल चारैतिर कडा चट्टानले घेरिएको छ। माथिपट्टि सेता हिमाल फेटा बनेर टल्किएका छन्। यहाँ पुग्न गोरखा सदरमुकामबाट एक दिन मोटरमा र तीन दिन पैदल हिँड्नुपर्ने एमक्यापका भुवनराज ओझाले बताउनुभयो। सदरमुकामबाट सिर्दिबाससम्म मोटरमा र सिर्दिबासबाट तीन दिन पैदल हिँडेर सामागाउँ पुग्न सकिने उहाँले जानकारी दिनुभयो। वीरेन्द्र ताल मुख्यगरी पुङ्गेन ग्ल्यासियर (हिमनदी)बाट पग्लिएर आउने पानी र हिउँबाट बनेको छ। पुङ्गेन शब्द तिब्बती भाषाको 'फुन ग्यान'बाट बनेको हो, जसको अर्थ तीन चुचुराहरू हो। पुङ्गेनको अर्थ 'रक्षक देवता'समेत रहेको स्थानीय मिङ्मार छिरिङको भनाइ छ। उहाँका अनुसार सन् १९५० अघि सामागाउँवासीले मनास्लु आरोहण गर्दा पुङ्गेन देवता रिसाउने डरले कसैलाई पनि आरोहण गर्न दिँदैनथे। त्यसैकारण जापानबाट मनास्लु आरोहण गर्न आएका टोलीलाई सामागाउँवासीले तीनपटकसम्म आरोहणमा रोक लगाएको उहाँले सुनाउनुभयो।

अचेल भने मनास्लु हिमाल आरोहणमा कुनै रोक छैन। हरेक वर्ष सयौँले हिमाल आरोहण गर्ने गरेका छन्। मनास्लु हिमाल आरोहणका लागि जाँदा वीरेन्द्र ताल हुँदै बेसक्याप जानुपर्ने हुन्छ। सो तालबाट मनास्लु बेसक्यापसम्म जान चार घण्टा पैदल हिँड्नुपर्ने स्थानीय बताउँछन्। वैज्ञानिक अध्ययनका अनुसार वीरेन्द्र तालको क्षेत्रफल निरन्तर बढिरहेको छ। सन् १९८८ मा शून्य दशमलव ० ९ वर्ग किलोमिटर रहेको यस तालको आकार बढेर सन् २०२४ मा शून्य दशमलव २२ वर्गकिलोमिटर पुगेको छ।

जलवायु परिवर्तनका कारण हिमनदीहरू तीव्र रूपमा पग्लँदा यस तालको क्षेत्रफल बढेको अध्ययनले देखाएको छ। यसअघि, विसं २०८१ मा हिमपहिरोका कारण वीरेन्द्र तालको पानी बाहिर उछिट्टिएर पुललगायत केही भौतिक संरचना नष्ट भएका थिए।

# 'ननग्रेडेड' विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ : शिक्षामन्त्री

रासस
काठमाडौं, २९ बैशाख

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा 'ननग्रेडेड' विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिने बताउनुभएको छ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा मन्त्री पोखरेलले सरकारले एक महिनाभित्र परीक्षाको नतिजा सार्वजनिक गर्ने सरकारको प्रतिबद्धता कार्यान्वयन भएको उल्लेख गर्दै अब परीक्षामा असफल हुने विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिने प्रतिबद्धता जनाउनुभएको हो। सोमबार प्रकाशित नतिजाअनुसार दुई लाख ८४ हजार १६० विद्यार्थी 'ग्रेडेड' भई ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी सफल भएका छन्। एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएका छन्। 'ननग्रेडेड' भएका विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षाको लाभ लिनेछन्। मन्त्री पोखरेलले देशभरका सम्पूर्ण विद्यालय भवन, खेलमैदान, शिक्षक, कर्मचारी, विद्यार्थी र अन्य संरचनाको विस्तृत अध्ययन पूरा प्राप्त हुने तथ्यका आधारमा विद्यालय तहको सम्पूर्ण पूर्वाधार पुनर्संरचना गरिने बताउनुभयो। बैठकमा सांसदहरूले सुकुमवासी बस्तीबाट विस्थापित बालबालिकाको पठनपाठनकाका लागि सरकारले विशेष व्यवस्था गर्नुपर्ने, शिक्षा विधेयक तत्काल ल्याउनुपर्ने, खेलकुद विश्वविद्यालय स्थापना गरिनुपर्ने र विद्यार्थीहरूका लागि ई-बुकको व्यवस्था गर्न सरकारलाई सुझाव दिनुभयो।

सांसदहरूले विद्यालय खाजा कार्यक्रममा हुने गरेको अनियमितता रोक्न र विभिन्न १७ प्रकारका शिक्षकका समस्या समाधान गर्न सरकारले तत्काल कदम चाल्नुपर्ने विचार व्यक्त गर्दै व्यावसायिक र सीपमूलक शिक्षाका लागि विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। शिक्षा मन्त्रालयका उच्चाधिकारीहरूले हालसम्म भए गरेका कार्यप्रगति विवरण पेस गर्दै देशभरका २७ हजार सामुदायिक विद्यालयमा दुई लाख ३२ हजार १०५ शिक्षक तथा कर्मचारी रहेको जानकारी गराएको थियो।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय लेखनाथ, कास्की

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी गरिएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८३/०१/३०

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२७ निवासी पिताम्बर धमालाको छोरा पुरन प्रसाद धमाला जैसीको द.नं.७८७० मिति २०८३/०१/२८ गतेको नामसारी माग निवेदन अनुसार निज निवेदकको बहिनी स्व. पार्वती धमालाको अविवाहित अवस्थामा मृत्यु भएको, मृतकको लालन पालन स्याहारसुसार र काजक्रिया समेत निवेदक (मृतकको कान्छो दाजु) पुरन प्रसाद धमाला जैसीले गरेको तथा मृतकको कानून बमोजिमका हकदार मृतकको दाजु नाता पर्ने निवेदक पुरन प्रसाद धमाला जैसी बाहेक अन्य व्यक्ति नभएकाले पार्वती धमालाको नाममा दर्ता कायम तपसिल बमोजिमको जग्गा एकलौटी नामसारी गरिपाउँ भनी माग गरेकोले निवेदक बाहेक अन्य कोही हकदार भएमा वा मागदावी बमोजिम नामसारी गर्नु नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र प्रमाण सहित हकदावी गर्न आउनुहोला। अन्यथा निवेदकको मागदावी बमोजिम नियमानुसार नामसारी भई जाने व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| जग्गा धनी | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| पार्वती धमाला | अर्घौं | १ | ३३९ | १-८-०-२ |

ईति संवत २०८३ साल बैशाख २९ गते रोज ३ शुभम्।